अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिका

गोरखा

बैठक नं. १४३

मितिः २०८२।१०।२७ गते मंगलबार

आज मिति २०८२ साल माघ २७ गते मंगलबारको दिन अजिरकोट गाउँपालिका, गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरुको समउपस्थितिमा गाउँ कार्यपालिकाको १४३ औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

१. गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा
२. गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल
३. १ नं. वडा अध्यक्ष श्री मनोज गुरुङ
४. २ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर गुरुङ
५. ३ नं. वडा अध्यक्ष श्री बाबुराम अधिकारी
६. ४ नं. वडा अध्यक्ष श्री जङ्ग बहादुरगुरुङ
७. ५ नं. वडा अध्यक्ष श्री बिर्खे ध्वज गुरुङ्ग
८. कार्यपालिका सदस्य श्री सदिक्षा गुरुङ
९. कार्यपालिका सदस्य श्री विन्दा तामाङ
१०. कार्यपालिका सदस्य श्री उमा गुरुङ
११. कार्यपालिका सदस्य श्री कमला सुनार
१२. कार्यपालिका सदस्य श्री सनिल परियार
१३. कार्यपालिका सदस्य श्री धनराज घले
१४. आमन्त्रित सदस्यः श्री बेल बहादुर परियार
१५. प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानुराम पन्थी

**व्यवस्थापन सहयोगी**

श्री लाल प्रसाद पौडेल (प्रशासकीय अधिकृत)
श्री जगजित कापर (प्रशासन सहायक)
श्री ईश्वर वाग्ले (बरिष्ठ लेखा सहायक)

अजिरकोट गाउँपालिका

मिति २०८२।१०।२७ गते मंगलबार

## गाउँ कार्यपालिकाको १४३ औं बैठकका प्रस्तावहरु

**प्रस्ताव नं. १ - कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गर्ने ।**

**१. पृष्ठभूमी**

अजिरकोट गाउँ कार्यपालिकाको २०८२ पुस ३० गते १४२ औं बैठकमार्फत विभिन्न निर्णयहरु भई कार्यान्वियनको अवस्थामा रहेका ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गााउँकार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्दै सार्थक तथा गुणस्तरिय कार्यान्वयन तथा सो को पृष्ठपोषणको लागि समिक्षा गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले आफ्ना निर्णयहरु तथा विकास निर्माण कार्यको कार्यान्वयनको समिक्षा गर्नुपर्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँ कार्यपालिकाको १४२ औं बैठकमार्फत भएका तपसिलका निर्णयहरु कार्यान्वयनको अवस्थाको समिक्षा गरियो ।

| क्र.म | निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | गाउँसभामा अर्धवार्षिक प्रतिवेदन पेश गर्ने। | पेश गरिएको । | |
| २ | गाउँसभामा संशोधित बजेट तथा कार्यक्रम पेश गर्ने । | पेश भई पारित भएको । | |
| ३ | अजिरकोट गाउँपालिकाको ऐन तथा कार्यविधि स्वीकृतको लागि पेश गर्ने । | स्वीकृत भएको। | |

**प्रस्ताव नं. २ - अध्ययन बिदा स्वीकृत गर्ने ।**

**१ पृष्टभूमिः**

अजिरकोट गाउँपालिकामा कार्यरत स्टाफ नर्स पाँचौ तहका श्री सरस्वती कुमारी बोहरा Bachelor in nursing कोर्ष अध्ययन गर्नको लागि विदा स्वीकृत गरि पाउँ भनी यस कार्यालयमा निवेदन प्राप्त भएको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गाउँपालिकामा कार्यरत स्टाफ नर्स पाचौ तहका श्री सरस्वती कुमारी बोहराको अध्ययन बिदा स्वीकृत गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० बमोजिम अध्ययन बिदा समबन्धित कार्यपालिकाले स्वीकृत गर्न सक्ने ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँपालिकामा कार्यरत स्टाफ नर्स पाचौ तहका श्री सरस्वती कुमारी बोहरालाई Bachelor in nursing कोर्ष अध्ययन गर्न मिति २०८२-१२-१ गते देखि लागु हुने गरी ३ वर्षको लागि वेतलबी अध्ययन विदा स्वीकृत गर्ने।

**प्रस्ताव नं. ३ प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE)स्वीकृत गर्ने ।**

**१.पृष्ठभूमी**

यस अजिरकोट गाउंपालिका अन्तर्गत पर्ने दरौंदी र चेपे नदी क्षेत्रमा नदीजन्य पदार्थहरुको उत्खन्न, सकलन तथा विक्री वितरणको लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) प्रतिवेदन पारित गर्नुपर्ने भएको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

यस अजिरकोट गाउँपालिका अन्तर्गत पर्ने दरौंदी र चेपे नदी क्षेत्रमा नदीजन्य पदार्थहरुको उत्खन्न, संकलन तथा विक्री वितरणको लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) प्रतिवेदन स्वीकृत गरी गाउँपालिकाको राजस्व अभिबृद्धि गर्नुपर्ने आवश्यकता रहेको ।

**३.निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानीय सरकार संचालन ऐन, २०७४, गण्डकी प्रदेश सरकारको आर्थिक ऐन २०८१, बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र प्राकृतिक सम्पदाहरु बाट राजस्व सकलन गर्नको लागि प्रारम्भिक वातावरण अध्ययन (IEE) प्रतिवेदन तयार गरी अनुमोदन गर्न सक्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

यस अजिरकोट गाउँपालिका अन्तर्गतका दरौंदी नदी र चेपे खोला क्षेत्रमा नदीजन्य पदार्थहरु (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, विक्री वितरण सम्बन्धी प्रारम्भिक वातावरण अध्ययन (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ४ राजिनामा स्वीकृत गर्ने ।**

**१.पृष्ठभूमी**

यस अजिरकोट गाउँपालिकामा कार्यरत लेखा अधिकृत श्री अर्जुन रिजालले मिति २०८२।१०।२६ मा सरकारी सेवाको पदबाट राजिनामाको लागि निवेदन पेश गर्नु भएको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

लेखा अधिकृत श्री अर्जुन रिजालले आफ्नै स्वइच्छाले स्थानीय सरकारी सेवाको पदवाट राजिनामा माग गरेको ।

**३.निणर्यका आधार र कानूनी व्यवस्था**

निजले पेश गर्नुभएको निवेदन, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ र नियमावली,२०८० को नियम १४१ को उपनियम ३ बमोजिम अधिकृत स्तरका कर्मचारीको राजिनामा गाउँ कार्यपालिकाले स्वीकृत गर्न सक्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

यस अजिरकोट गाउँपालिकामा कार्यरत लेख अधिकृत श्री अर्जुन रिजाल ले यस कार्यालयमा पेश गरेको निवेदन बमोजिम निजको राजिनामा स्वीकृत गर्ने ।

**प्रस्ताव नं.५ स्थानीय मदिरा उत्पादन, ब्राण्डिङ तथा विक्री वितरण सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने ।**

**१.पृष्ठभूमी**

अजिरकोट गाउँपालिका परापूर्वकाल देखि धार्मिक, साँस्कृतिक, जातीय पहिचान तथा स्थानीय जीवनशैलीमा अभिन्न रुपमा जोडिएर प्राकृतिक, जैविक तथा औषधीय गुणयुक्त पौराणिक पेय पदार्थको रुपमा प्रयोग हुँदै आएका स्थानीय मदिराजन्य पदार्थलाई प्रवर्द्धन गर्न आधुनिक प्रविधि र मापदण्ड अनुरुप स्थानीय मदिरा उत्पादन, ब्राण्डिङ तथा विक्री वितरण गर्ने गरी राजस्व अभिबृद्धि गर्ने ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

स्थानीय तहले निर्माण गर्ने कुनै पनि कार्यविधिहरु स्वीकृतको लागि गाउँ कार्यपालिकामा पेश गर्नुपर्ने प्रावधान रहेको ।

**३.निणर्यका आधार र कानूनी व्यवस्था**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफुलाई आवश्यक पर्ने कानून आफै निर्माण गर्न सक्ने प्रावधान भएको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँपालिकाको स्थानीय मदिरा उत्पादन, ब्राण्डिङ तथा विक्री वितरण सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ६ - समपुरक र विशेष अनुदानको लागि आयोजना प्रस्ताव गर्ने ।**

**१. पृष्ठभूमी**

संघीय सरकारद्वारा स्थानीय तहलाई समपुरक र विशेष अनुदानको लागि २०८२।१०।२९ गते भित्र आयोजना प्रस्ताव गर्न आव्हान गरेको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

स्थानीय तहको विकास र समृद्धिको लागि संघीय सरकारद्वारा समपुरक र विशेष अनुदान स्थानीय तहले गरेको प्रस्तावको आधारमा निश्चित मापदण्ड अनुसार दिने भएकाले विकास निर्माणमा पछि परेका गाउँपालिकाले विकास आयोजनाहरु संघीय सरकारसँग अनुदानको लागि प्रस्ताव गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

राष्ट्रिय योजना आयोगले संघीय सरकारद्वारा आर्थिक वर्ष २०८३/०८४ का लागि समपुरक र विशेष अनुदानको लागि २०८२।१०।२९ गते भित्र आयोजना प्रस्ताव गर्न आव्हान गरेको ।

४. निर्णय हुनुपर्ने व्यहोरा

अजिरकोट गाउँपालिकाको समृद्धि र विकासको लागि आवश्यक निम्नानुसारका आयोजनाहरुलाई अनुदान उपलब्भ गराईदिन प्रस्ताव गर्ने :

**क) प्राथमिकताको आधारमा समपुरक आयोजनाहरु**

| क.स. | प्रस्ताव गरिएको अनुदानको प्रकार र डि.पि.आर भएको/नभएको | मुलभूत क्षेत्र | आयोजनाको नाम | आयोजनाको कुल लागत रु | अनुदान माग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डि.पि.आर भएको | पूर्वाधार विकास | घ्याच्चोक बासकोट तुर्ति देवलस्वरा धनसिरा रोड (दुर्गम सामुदायिक स्वास्थ्य सेवा केन्द्र जोड्ने सडक) | ७,००,००,०००। (सात करोड मात्र) | १. ३ वर्ष<br>• १ करोड ५० लाख पहिलो वर्ष<br>• १ करोड ५० लाख दोस्रो वर्ष<br>• १ करोड २० लाख तेस्रो वर्ष | २ करोड ८० पालिकाको योगदान |

- गत आ.व.२०८१।०८२ मा भञ्ज्याङ-खरिबोट-अपुन रोड गा.पा केन्द्र देखि वडा नं.२ खरिबोट जोड्ने सडकको लागि प्रथमिकता-१ माग गरी स्वीकृत भएकोमा हाल उक्त सडकको लगि आगामी आ.व. मा प्रदेश सरकारबाट बहुबर्षिय ठेक्का व्यवस्थापन हुने हुदाँ आगामी आ.व.को लागि रकम आवश्यक नरहेको ।

**क) प्राथमिकताको आधारमा विषेश आयोजनाहरु**

| क.स. | प्रस्ताव गरिएको अनुदानको प्रकार र डि.पि.आर भएको/नभएको वा आयोजना सम्भाव्यता अध्ययन प्रतिवेदन | मुलभूत क्षेत्र | आयोजनाको नाम | आयोजनाको कुल लागत रु | अनुदान माग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | स्वास्थ्य | भच्चेक आधारभूत अस्पताल स्तरोन्नती तथा प्रविधिमैत्री स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम | २,००,००,०००।- दुई करोड मात्र) | २,००,००,०००।- (दुई करोड मात्र) | |

**प्रस्ताव नं.७ विविध**

- **तपशील बमोजिमका योजनाहरुमा निम्न अनुसारको बजेट बाँडफाँड गर्ने ।**

| क्र.स | योजनाको नाम | ठेगाना | विनियोजित बजेट | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | नागेपोखरी सामुदायिक अपुन होमस्टे प्रवर्द्धन कार्यक्रम | २ नं. वडा | रु ५०००००। | होमस्टे प्रवर्द्दन कार्यक्रम | आ.व. २०८२।०८३ को वार्षिक कार्यक्रममा होमस्टे प्रवर्द्धन शिर्षकमा रु ५ लाख विनियोजन भएकोमा सो रकमबाट भुक्तानी दिने |
| २ | दशौं गोर्खाली रनिङ्ग कप २०८२ | हरमटारी गोरखा | रु ५००००। | खेलकुद कार्यक्रम | |
| ३ | जनप्रेमी युवा क्लव | वारपाक सुलिकोट | रु ५००००। | खेलकुद कार्यक्रम | |
| ४ | प्रथम पृथ्वी नारायण गोल्डकप फुटबल प्रतियोगिता | छेपेटार | रु १०००००। | खेलकुद कार्यक्रम | |
| ५ | लाम बगर खानेपानी | ५ नं. वडा | रु १०००००। | खानेपानी व्यवस्थापन | |
| ६ | मुच्चोक मण्डली | ५ नं. वडा | रु २०००००। | मठमन्दिर, चर्च, गुम्वा चौचारी संरक्षण | |
| ७ | देवी भुवानी महिला समूह ( माघी मगर साँस्कृती पर्व) | | रु ५००००। | रैथाने मेला चाडपर्व प्रवर्द्धन | |
| ८ | बिर्ता दलित बस्ती परिहो संरक्षण | २ नं. वडा | रु १०००००। | सार्वजनिक निर्माण | |
| ९ | रातमाटा खानेपानी योजना | ५ नं वडा | रु २०००००। | खानेपानी व्यवस्थापन | |

- अजिरकोट गाउँपालिकाको वालमैत्री स्थानीय शासन सम्वन्धी आचार संहिता स्वीकृत गर्ने निर्णय गरियो ।
- अजिरकोट गाउँपालिकाबाट बैदेशिक रोजगारीको सिलसिलामा विदेशमा गई काम गर्ने क्रममा विदेशमा रहदाँ मृत्यु भएका निम्न व्यक्तिहरुका घरपरिवारलाई तपसिल बमेजिमको आर्थिक सहयता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :**

| क्र.स | मृत्यु भएका व्यक्तिको नाम, थर | ठेगाना | मृत्यु भएको देश | आर्थिक सहयोग रकम रु. | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लोक बहादुर तमाङ | अजिरकोट गा.पा २, ओलाङ | मलेसिया | रु १०००००। | आर्थिक सहायता | |
| २ | उमेश गुरुङ | अजिरकोट गा.पा ५, धारापानी | मलेसिया | रु १०००००। | आर्थिक सहायता | |
| ३ | ओम बहादुर गुरुङ | अजिरकोट गा.पा ३, बुद्धसिंह | साउदी अरब | रु १०००००। | आर्थिक सहायता | |

- नेपाल सरकारको हाल कायम रहेको नेपाल प्रहरीको समान तहको पदको सुरु तलब स्केल अनुसार तपसिलका नगर प्रहरीका विभिन्न पदहरुका लागि तलब स्केल कायम गर्ने निर्णय गरियो ।

  **तपसिलः**

  क. नगर प्रहरी सहायक निरीक्षक (सहायकस्तर चौथो) :- रु.३२,८५६।

  ख. नगर प्रहरी हबल्दार ( सहायकस्तर तृतीय) :- रु २७,६१२।

  ग. नगर प्रहरी जवान ( सहायकस्तर द्धितीय ) :-रु .२६,०८२।
- अजिरकोट गाउँपालिका भित्र नदीजन्य पदार्थ विक्री/निकासीकर संकलन तथा विभिन्न अन्य शिर्षकहरुमा राजस्व संकलन/दण्ड जरिवाना आदि अशुल गर्ने कार्यमा गा.पा.का नगर प्रहरीलाई समेत जिम्मेवारी दिने निर्णय गरियो ।
- यस अजिरकोट गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा रहेका बजार क्षेत्रमा मिति २०८२।०६।२७ र २०८२।० .०२ मा गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा ज्यू तथा बजार अनुगमन समितीका पदाधिकारी तथा सदस्यहरु, कर्मचारी, सुरक्षाकर्मी लगायतले पसलमा रहेका खाद्यान्न, पेय पदार्थ, औषधी लगायतका समाग्रीहरुको अनुगमन तथा निरीक्षण गर्दा जफत गरिएका समानहरु मध्ये म्याद सकिएका सामानहरु नष्ट गर्ने र अन्त शुल्क स्टीकर टाँसिएका मदिरा जन्य सामानहरु तोकिए बमोजिम जरिवाना लिई सम्वन्धित डिलर वा कम्पनीलाई फिर्ता गर्ने निर्णय गरियो ।

निर्णयः माथि उल्लेखित प्रस्तावहरु सम्बन्धमा छलफल गरी प्रस्तावित निर्णयका व्यहोराहरुलाई सर्वसम्मत रुपमा पारित गरियो ।